कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

च.नं.......................२०७८/०७९

मिति:२०७८।१०।२४

## मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७३/०७४ मा संचालित **B.V.Sc.&A.H** को **पांचौ सेमेष्टर** र शैक्षिक सत्र २०७५।०७६ मा संचालित **B.Sc.Fisheries** को **दोस्रो सेमेष्टरको मौका परीक्षामा** सम्मिलित हुनका लागि उक्त शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले २०७८ साल **माघ २६** गते देखि **फाल्गुन ९** गते सम्म नियमित शुल्क र २०७८ साल **फाल्गुन ९** गते देखि **फाल्गुन ११** गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकायवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७८ साल फाल्गुन ९ गते | रु.३००।- |
| २०७८ साल फाल्गुन १० गते | रु.५००।- |
| २०७ साल फाल्गुन ११ गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

..............................

प्रा.डा.शुनिला राई
परीक्षा नियन्त्रक
**परीक्षा नियन्त्रक**